# आ.व. २०७८।०७९ को गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रगति विवरण




वैतेश्वर गाउँपालिका

पाँडुडाँडा, दोलखा

बागमती प्रदेश नेपाल

## वैतेश्वर गाउँपालिका, दोलखाको परिचयः

वैतेश्वर गाउँपालिका बागमती प्रदेशमा पर्ने एक स्थानीय तह हो । यो जिल्लाको सदरमुकाम चरिकोट देखि करिब २८ कि.मी पुर्वमा पर्दछ । वैतेश्वर गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम स्थापना भएको दोलखा जिल्लामा अवस्थित एक गाउँपालिका हो । समुन्द्र सतहदेखि करिब ८८६ मि. देखि ३०४७ मि. सम्मको उचाईमा रहेको यस गाउँपालिकाको क्षेत्रफल ८०.४१ वर्ग कि.मि रहेको छ भने वि.सं. २०६८ सालको जनगणना अनुसार १९८७६ जनसंख्या रहेको छ । साविकका क्षत्रपा, नाम्दु, काब्रे, गैरीमुदी, मीर्गे गा.वि.स मिलेर यो गाउँपालिका ८ वडामा विभक्त छ । तामाङ, क्षेत्री, बाम्हण, जिरेल, थामि लगायतको जातजातिको बाहुल्यता रहेको यस गाउँपालिकाको प्रमुख व्यापारिक नाका तथा बजारहरुमा मैनापोखरी, खाँवा, तामाकोशी, नाम्दु, लहरेमाने, पुतलीकाठ, क्षत्रपा आदि पर्दछन । पूर्वमा जिरी नगरपालिका, पशिचममा भिमेश्वर नगरपालिका, उत्तरमा गैरीशंकर गाउँपालिका तथा कालिञ्चोक गाउँपालिका र दक्षिणमा तामाकोशी गाउँपालिका रहेको यो गाउँपालिका जिरी जाने प्रमुख नाकाको रुपमा रहेको छ ।

## गरिबी निबारणको लागी लघु उद्यम विकास कार्यक्रम (MED-PA) परिचयः

लघु उद्यमको विकास र प्रवर्द्दनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने उदेश्यले नेपाल सरकारले स्वीकृत गरेको एक कार्यक्रम नै गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम हो । स्थानीय तहमा प्रभावकारी तथा व्यवस्थित रुपमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयन तथा संचालन गर्न गरिबी निबारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका, २०७७ स्वीकृत गरी लागु गरिएको छ । सोही निर्देशिका बमोजिम यस वैतेश्वर गाउँपालिकाले २ जना उद्यम विकास सहजकर्ता आ.ब. २०७७।०७८ मा नियुक्ति गरी कार्यक्रम संचालन गर्दै आईरहेको छ । लघु उद्यम भन्नाले

१ घर जग्गा बाहेक बढीमा बिस लाख रुपैया सम्मको स्थिर पुजी रहेको ।

२ उद्यमी स्वयम उधोगको सन्चालन र ब्यबस्थापनमा संग्लन रहेको ।

३ उद्यमी सहित बढीमा नौ जना सम्म कामदार रहेको ।

४ बार्षिक कारोबारो एक करोड रुपैया भन्दा कम रहेको ।

५ ईन्जीन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा बिधुतिय उर्जा खपत बीस किलोवाट भन्दा कम रहेको ।

**कार्यक्रमको उदेश्य :**

१ स्थानीय स्रोत, सीप र साधनको उपयोग गर्ने ।

२ स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने ।

३ युवाहरुको आप्रवासनलाई निरुत्साहित गरी ग्रामिण क्षेत्रमै रोजगारीको सिर्जना गर्ने । बार्षिक करिब १ लाख जना कामको खोजीमा आउने ।

४ गरीबको आर्यआर्जनमा वृद्धी गरी गरीब र धनी बीच आयको खाडल हटाउने ।

५ महिला र सामाजिक रुपमा पछाडी परेका समुदायको आर्थिक सशक्तीकरण गर्ने ।

६ आत्मनिर्भरतामा वृद्धी गर्ने ।

७ स्वास्थ्य, शिक्षा जस्ता आधारभुत आवश्यकताको परिपुर्ति गर्ने ।

८ समुन्नत समाजको निमार्ण गर्ने ।

**उद्यम विकास शाखाले सन्चालन गरेका मुख्य मुख्य कार्यहरु:**

## क. नयाँ लघु उद्यमी सृर्जना तर्फः

१ प्रारम्भिक सर्बेक्षण तथा बजार श्रोत सम्भाब्यता अध्ययन ।

२ कार्यक्रमबारे अभिमुखीकरण ।

३ गाउँ उद्यम बिकास समिती गठन ।

४ सहभागितामुलक ग्रामिण लेखाजोखा ।

५ घरधुरी सर्बेक्षण ।


६ समुह निर्माण र क्षमता अभिवृद्धी ।

७ उद्यमशिलता बिकास तालिम संचालन ।


८ प्राबिधिक सीप बिकास तालिम संचालन ।

९ लघु उद्यम नीति सम्बन्धमा सुशिचित वकालत र पैरवी ।

१० तथाङक विवरण अध्यावधिक गर्ने कार्य ।




**चित्र नं. ५ : लघु उद्यम विकास नमुना**



## ख. भईरहेका लघु उद्यमीहरुको स्तरोन्नती तर्फः

१ आवश्यकता पहिचान तथा व्यवसायिक परार्मश कार्यक्रम ।

२ व्यवसाय सुधार तालिम तथा बस्तुको बजारीकरणमा सहयोग ।

३ स्तरोन्नती सीप बिकास तालिम तथा उपयुक्त प्रविधि हस्तान्तरण ।

४ लघु कर्जा समन्वय कार्यक्रम ।

## आ.व. २०७८।०७९ मा विनियोजित बजेट तथा खर्च

**विनियोजित बजेट रु** ३५,००,०००।-, खर्च भएको रकम रु २८,८४,०००।-

## आ.ब २०७८/०७९ मा  लक्ष्य अनुसारको प्रगती

| क्र.स. | क्रियाकलाप | लक्ष्य | उपलब्धी |
|---|---|---|---|
| **क** | **सामाजिक परिचालन तर्फ** | | |
| १ | मेडपा अभिमुखीकरण कार्यक्रम सञ्चालन | १ वटा पालिकामा | १ स्थानमा ४५ जना बिच सम्पन्न |
| २ | PRA संञ्चालन | २ स्थानमा | २ स्थानमा ८० जना बिच सम्पन्न |
| ३ | बजार श्रोत सम्भाब्यता अध्ययन | २ स्थानमा | २ स्थानमा सम्पन्न |
| ४ | फारम ए, बी | फारम ए ८० र बी ७५ | ए ८०, बी ७५ भरी GSIMIS मा Database ईन्टी भएको |
| ५ | उद्यमशीलता विकास तालिम SIYB ( TOPE, TOSE, and GESI) प्याकेज | ८० जना | ८० जना बिच सम्पन्न |
| ६ | समुह गठन | ६ वटा | ६ लघु उद्यमी समुह गठन, ७५ जनाका बिच गठन गरिएको । |

| | | | |
|---|---|---|---|
| ख | **सिप विकास तालिम** | ७५ | ७७ जना बिच सम्पन्न भएको । |
| १ | मध्यम अवधिको सीप विकास तालिम (३० दिन देखी ४५ दिन सम्म) | १८ जना | हाते होजियारी १८ जना लाई मध्यम अवधिको सीप बिकास तालिम सञ्चालन तथा सम्पन्न भएको । |
| २ | छोटो अवधिको सीप विकास तालिम (५ दिन देखी १५ दिन सम्म) | ५७ जना | व्यवसायिक बाखा पालन १७, मुढा १०, सिन्के धुप १२ , डल कुसन १८, जना गरी जम्मा ५७ जनाका बिचमा छोटो अवधिको सीप विकास तालिम सम्पन्न |

## कार्यप्रगति आ.ब. २०७८।०७९

१. यस स्थानीय तहमा मेडपा निर्देशिका, २०७७ अनुसार गाउँपालिका स्तरीय उद्यम विकास समिती गठन ।

२. ५ वटा लघु उद्यमी समुह सिर्जना भई स्थानीय तहमा आवद्ध हुने प्रकृयामा रहेको ।

३. ६ वटा वडामा १२५ जना नयाँ तथा पुरानो लघु उद्यमीहरुले आफनो व्यवसाय सुरु तथा सुधार गरी तालिम प्याकेज प्राप्त गरी व्यवसायिक सचेतना सम्बन्धि ज्ञान तथा सीप प्राप्त गरेका ।

४. कार्यक्षेत्रका २ स्थानमा १०० जना सहभागी बीच सहभागितामुलक ग्रामिण लेखाजोखा सम्पन्न भई लक्षित बर्गको छनोट गरी सफल भएको ।

५. १२५ जनालाई मागमा आधारित बिभिन्न किसिमका सीप विकास तालिम प्रदान गरी उनीहरुमा ६० प्रतिशतले व्यवसाय शुरु गरेका ।

६. ७५ जना नया र ५० जना पुराना उद्यमीहरुलाई प्रविधि सहयोग गर्नुका साथै ११ जना उद्यमीहरुलाई स्तरोन्नति तालिम प्रदान गरिएको ।

७. विभिन्न समस्याहरु बाट जुधिरहेका १२५ नयाँ तथा पुराना उद्यमीहरुलाई व्यवसायिक योजना निर्माण तथा लघुवित्तमा पहुच प्रदान गरी उद्यमीहरुको व्यवसाय प्रर्वदनमा सहयोग पुर्याउने कार्य सम्पन्न भएको ।

कार्यक्रम संचालनका केही झलकहरु :




वडा नं ८ मा डल कुसन (डुडिया) सम्बन्धि व्यवसायीक तालिम लिएका उद्यमीहरु




वडा नं ८ मा मुढा व्यवसाय सम्बन्धि व्यवसायीक तालिम लिएका उद्यमीहरु




वडा नं ८ मा सिन्के धुप (अगरबत्ती) सम्बन्धि व्यवसायीक तालिम लिएका उद्यमीहरु




वडा नं ३ मा हाते होजियारी बुनाई सम्बन्धि व्यवसायीक तालिम लिएका उद्यमीहरु




**वडा नं ३ मा बाखा पालन सम्बन्धि व्यवसायीक तालिम लिएका उद्यमीहरु**